आज मिति २०७५ आश्विन ९ गते मंगलबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ४८औं ~~छपन्नौं~~ बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - सदस्य | |
| ५. | ३ नं. वडाका निमित्त वडा अध्यक्ष श्री मनोज बस्नेत | - सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | - सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | - सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - सचिव | |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. | श्री बेन्जु बज्राचार्य | - लेखा अधिकृत |
| २२. | श्री मनोज बुढाथोकी | - सिभिल इन्जिनियर |
| २३. | श्री गीता तामाङ | - क.अ. |

**मिति २०७५/६/७ गते नगरप्रमुखज्यूबाट मिति २०७५।६।९ गते नगरकार्यपालिका बैठकमा पेश गर्न आदेश भएका विषयहरुमा भएका निर्णयहरु देहाय बमोजिम रहेका छन् ।**

## तपशिल

| सि. नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्बन्धमा । | दोश्रो नगरसभाबाट ज्येष्ठ नागरिक सम्मान गर्ने कार्यक्रमको लागि रु. २० लाख विनियोजन भएको । | मिति २०७५/६/१६ गते मंगलबारका दिनमा मिति २०७५/६/१५ गतेसम्म ७० वर्ष पुरा भएका ज्येष्ठ नागरिक र अपांगता (रातो र निलो कार्ड) भएका व्यक्तिहरुलाइ नगरपालिका प्राङगणमा आमन्त्रण गरी पोशाक वितरण गरी सम्मान गर्ने ।वडा नं २ मा रहेका कुष्ठ रोग प्रभावित व्यक्तिहरुको लागी छुट्टै पोशाक वितरण कार्यक्रम तय गर्ने। नगर उपप्रमुखको संयोजकत्वमा सबै नगर कार्यपालिका सदस्यहरु (महिला), शंकरमान महर्जन र अमृका बलामी समेतको एक समिति गठन गरी पोशाक खरिद सम्बन्धी कामको जिम्मा दिने । सबै वडाबाट पोशाक पाउने व्यक्तिहरुको नाम, नागरिकताको प्रमाणपत्र यही २०७५ असोज १२ गतेसम्म एकीन गरी नगरपालिकामा पठाउने । |
| २ | **विविध प्रशासनिक विषय** | | |
| | • कार्यपालिका र वडा समिति बैठकको बैठक भत्ता सम्बन्धमा। | • नगरसभाबाट बैठक भत्ताको लागि रकम विनियोजन भएको | • प्रति बैठक रु. १५००/- भत्ता दिने । |
| | • फिल्ड अनुगमन भत्ता सम्बन्धमा। | • नगरसभाबाट अनुगमन भत्ताको लागि रकम विनियोजन भएको । | • जनही रु.१५००/- भत्ता दिने । |
| | • ड्राइभर खाजा भत्ता सम्बन्धमा। | | • हलुका सवारी चालक २ जनालाई दैनिक रुपमा रु. २००।- खाजा भत्ता दिने । |
| | • चाल्नाखेल खानेपानीको राजस्व संकलन सम्बन्धमा । | | • झरना प्योर ड्रिकिंङ वाटर प्रा.लि.बाट वार्षिक रु १० लाख लिने । |
| | • विज्ञापन (होर्डिङ बोर्ड) कर सम्बन्धमा। | • आर्थिक ऐन, २०७५ मा तोकिए बमोजिम को रकम को लागि सूचना प्रकाशन गर्नुपर्ने। | • नगरपालिकामा हाल सम्म यस सम्बन्धी गरिएका सबै काम गर्दा प्रकृया पुरा हुन नसकेको समेतका कारणले हालसम्मको सबै कामहरु रद्द गरी पुनः ७ दिनको म्याद दिइ नगरपालिकामा सूचना टाँस गर्ने । |

| | | | |
|---|---|---|---|
| | • नगरसभाबाट निर्णय भए अनुरुप वडाले संकलन गरेको राजश्व रकमको २० प्रतिशतले हुन आउने रकम खर्च गर्ने कार्यविधि सम्बन्धमा । | • कार्यविधि तयार गरी रकम खर्च गर्ने । | • प्राप्त हुने २० प्रतिशत रकममध्ये ५० प्रतिशत रकम विकास निर्माणमा खर्च गर्ने ।<br>• विकास निर्माणमा खर्च गर्दा वडा समितिबाट योजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरी प्राविधिकबाट इस्टिमेट गराई कायदिश लिएर मात्र काम गर्ने। भुक्तानीको लागि उपभोक्ता समिति गठन सञ्चालन कार्यविधिमा उल्लेख भए बमोजिमको प्रकृया पुरा गरी नगरपालिकामा पठाउने ।<br>• बाँकी ५० प्रतिशत रकम वडामा तोकिएको भन्दा बढि कर्मचारी आवश्यक भएमा कर्मचारी व्यवस्थापन, सरसफाई, वडामा आइपर्ने भैपरी खर्च, सामान्य विपद् व्यवस्थापन, (बढीमा ५००० सम्मको) र आर्थिक सहयोग (बढीमा २५०० सम्म) लगायतका काममा आ-आफ्नो वडाको परिवेश हेरी वडा समितिको निर्णय गरेर मात्र खर्च गर्ने । भुक्तानी को लागि वडा समितिको निर्णयको माइन्युट र नियमानुसार आवश्यक पर्ने बिल भरपाई पेश गरी नगरपालिकाबाट लिने । अन्य कुराहरु नियमानुसार हुने। |
| | • खानीको सिफारिस सम्बन्धमा । | | • श्री झम्केश्वरी रोडा ढुङ्गा उद्योगबाट स्वीकृतीको लागि पेश गरिने माइनिङ स्किम र IEE प्रतिवेदन तहाँ श्री खानी तथा भूगर्भ विभागबाट स्वीकृत दिई सहमति प्रदान गरिदिन सिफारिस साथ अनुरोध गर्ने । |
| ३ | नगरस्तरीय पर्यटन विकास समिति गठन गर्ने । | | • नगर प्रमुखको संयोजकत्वमा विभिन्न राजनीतिक दलका प्रतिनिधि र सम्बन्धित विज्ञ गरी बढीमा १३ जनाको समिति गठन गर्ने । |
| ४ | **आर्थिक सहयोग सम्बन्धमा ।** | | |
| | • बाह्र वर्षे पिठ पुजा व्यवस्थापन | | • बाह्र वर्षे पिठ पुजा व्यवस्थापन रु. २,००,०००।— (आकस्मिक तथा विपद व्यवस्थापन कोषबाट) |
| | • हरिशंकर जात्रा व्यवस्थापन | | • सम्पूर्ण जातजाति धर्मावलम्बीहरुको कार्यक्रम (१०,००,०००।-) मध्येबाट रु. २,००,०००।— हरिशंकर जात्राको लागी खर्च गर्ने । |
| | • श्वेत भैरव गुठी । | | • सम्पूर्ण जातजाति धर्मावलम्बीहरुको कार्यक्रम (१०,००,०००।-) मध्येबाट रु. ७५,०००।- श्वेत भैरब गुठीको लागि छुट्याउने |

| | | | |
|---|---|---|---|
| | • बालबालिकासँग मेयर कार्यक्रम | | • रु. ४०, ०००।– रकम लक्षित बर्गको लागि छुट्याएको कार्यक्रमबाट दिने । |
| | • औषधि उपचार खर्च | | • निर्वाचित जनप्रतिनिधि र नगरपालिकामा कार्यरत सबै कर्मचारीहरु लाई अस्पतालमा ५ दिन भन्दा बढी भर्ना भई उपचार गरेको र शल्यक्रिया गरी उपचार गर्नु परेको अवस्थामा बढीमा रु. १५०००।– आर्थिक सहयोग गर्ने । यसको व्यवस्थापन आकस्मिक तथा विपद् कोषबाट गर्ने । |
| ५ | विपद् व्यवस्थापन सम्बन्धमा । | • कोपु जाने सोवित घरसम्म<br>• कोपु जनक दाहलको घर मुनिको पहिरो<br>• युटिकी मधुको घर पहिरो । | • लागत स्टीमेट गर्न लगाउने । |
| ६. | तीज कार्यक्रम | • मिति २०७५/५/२३ गतेको बैठकबाट महिला बालबालिकाको कार्यक्रमको रकमबाट खर्च गर्ने । | • खर्च भएको जम्मा रकम रु.२४८९३५।– स्वीकृत गर्ने । |
| ७. | दक्षिणकाली महिला संजाललाई स्वास्थ्य कार्यक्रम सम्बन्धमा । | | • खर्च भएको जम्मा रकम रु. ४६, ८६०।– दिने/ रकम लक्षित वर्गको लागि छुट्याइएको रकमबाट छुट्याउने । |
| ८. | केबुलकार निर्माण सम्बन्धमा । | | • मिति २०७५/२/२० गतेको बोर्ड बैठकबाट दक्षिणकाली देवी चौकोट देवी डाँडामा केबुलकार निर्माण गर्न प्रारम्भिक अध्ययनको लागि साइनेक्स ग्रुप कम्पनीलाई अनुमति दिने निर्णय भए अनुरुप पत्र दिएकोमा आजको मितिसम्म पनि केही काम नभएको हुँदा मनकामना दर्शन प्रा.लि.लाई सम्भाव्यता अध्ययन गर्न अनुमति दिने । |